स्मार्ट वालिङ कार्यशाला गोष्ठी

प्रेस वक्तव्य

आँधीखोला सभ्यताको सेरोफेरोमा रहेको हाम्रो सुन्दर नगर वालिङलाई अत्याधुनिक प्रविधि , सामाजिक र प्रशासनिक ज्ञान उपयोग गर्दै नयाँ स्वरुपको नगरको रुपमा बिकसित गर्ने उद्देश्यका साथ हामी सबैले 'स्मार्ट वालिङ'को सपना जन्माएका छौं। बहु-साँस्कृतिक बिबिधताले हाम्रो नगरको प्राकृतिक सुन्दरतामा सुनमा सुगन्ध थपेको छ। यस्तो राम्रो हाम्रो नगरलाई 'स्वस्थ, समृद्ध र सुसंस्कृत नगर' बनाउँदै देशमा मात्र होइन, संसार भरी कै लागि उदाहरणीय बनाउने सपना नै 'स्मार्ट वालिङ' सपना हो।
यो सपनालाई यथार्थमा परिणत गर्नका लागि नगर भित्र तथा बाहिर रहनुभएका उत्साही युवा जनसमूह, अनुभवी विशिष्ट व्यक्तित्व तथा दक्ष विषय विज्ञहरुको उर्जा र सद्भाव एकै ठाउँमा ल्याउने ध्येयका साथ २०७४ असार १८ देखी २० गते सम्म वालिङ नगरपालिकामा 'स्मार्ट वालिङ कार्यशाला गोष्ठी ' सफलतापुर्वक सम्पन्न भएको छ। प्रविधि , शिक्षा, समाज-विज्ञान, पर्यटन, भौतिक पुर्वाधार, शहरी बिकास, अर्थतन्त्र आदि विषयका विज्ञहरु , राजनीतिक दलका प्रतिनीधीहरु तथा जनप्रतिनिधिमाझ वालिङ नगरको अबको बिकासको स्पष्ट मार्गचित्र तयार गर्नका लागि व्यापक बहस तथा प्राविधिक पहल भएको छ ।
गृह सचिव लोकदर्शन रेग्मी द्वारा उद्धाटन गरिएको यस गोष्ठीमा शहरी बिकास विज्ञ तथा पुर्व सचिव किशोर थापा , पर्यटन विद तथा पर्यावरन संरक्षक मेघ आले , राष्ट्र बैंकका पुर्व कार्यकारी निर्देशक त्रिलोचन पंगेनी, सुचना प्रविधि विज्ञ मनोहर भट्टराई, सुचना प्रविधि विज्ञ विज्ञान घिमिरे, शिक्षाविद प्रमोद ढकाल, शिक्षा विद शिशिर खनाल तथा संघीय मामिला तथा पुनर्निर्माण विज्ञ नारायण श्रेष्ठ लगायत विज्ञहरुले प्रस्तुति गर्नु भएको थियो।
'स्मार्ट वालिङ' निर्माणका लागि भिजन , मिसन, दीर्घकालीन योजना, पुर्वाधार विकास, सडक, खानेपानी, स्वास्थ्य सेवा सुविधा , स्तरीय अस्पताल , बिजुली, प्रविधि, कृषि, भेषभुषा, ई-पार्किङ, ई-अवलोकन, ई-सिकाइ, पेपरलेस (बेकागजी सेवा), छरितो सेवा, आवाश, पर्यटन, खुला सिकाइ, ई-कमर्स, अर्ज्ञानीक उत्पादन तथा उपभोग, आँधीखोला संरक्षित क्षेत्र, पाराग्लाइडिङ, साहसिक पर्यटन केन्द्र, खेलकुद केन्द्र, सामाजिक सद्भाव, होमस्टे (घरबास पर्यटन), सहकारी तथा आर्थिक व्यवस्थापन र सरसफाइ तथा फोहर व्यवस्थापन सम्बन्धी योजना सरसल्लाह र सुझावहरु प्राप्त भएको छ।

उक्त गोष्ठीमा उठेका बिषयवस्तुहरु बुँदागत रुपमा यस प्रकार छन् :

**क) सार्वजनिक सेवा तथा क्षमता बिकास -**

ई-सेवा, ई- सिकाइ, ई-निरिक्षण, गुनासो सुनुवाई, गुनासो प्रतिकृया आदि लागायतका विशेष योजनाहरु बनाइ अगाडि बढ्न पर्ने आवश्यकता देखिएको छ। स्मार्ट वालिङ फोन एप द्वार यसलाई सबल पार्न सकिने छ।

**ख) आर्थिक बिकास**

पर्यटन बिकास, साहसिक पर्यटन, स्मार्ट खेती, रोजगार प्रवर्धानका मौलिक योजनाहरु, आमासमुहलाई लक्षित गरी रोजगार मुलक सीप र घरेलु उद्योग सन्चालन , कर व्यवस्थापन लाई छरितो गर्नुपर्ने आदि आवश्यकता देखिएको छ। भुउपयोगको योजना ल्याइने छ। कृषिको बिकासका लागि सिंचाइ योजना ल्याइनेछ।

**ग) सामाजिक बिकास**

स्मार्ट वालिङका स्मार्ट नागरिकक लागि आचार संहिता हामी नगरबासी आफैंले तोक्न पर्ने र त्यसलाई लागु गर्न पर्ने आवश्यकअता देखिएको छ
नगरमा स्मार्ट नगर सङ्ग्रहालय, पुस्तकालय, मनोरन्जन केन्द्र तथा बाल उद्यान स्थापनाको आवश्यकता देखिएको छ। स्वास्थ्य सेवामा अत्याधुनिक प्रविधिको प्रयोग गर्दै सेवालाई छिटो छरितो तथा भरपर्दो बनाउन पर्ने आवश्यकता देखिएको छ । सार्वजनिक शिक्षाको सुधारका लागि योजना ल्याउन पर्ने आवश्यकता छ। टेलीमेडिसिनको टेक्नोलोजी प्रयोग गर्दै अन्य क्षेत्रका विशेष चिकित्सकहरुलाई दौत्य सम्बन्ध मार्फत यहाँको स्वास्थ्य सेवा सुधारका लागि पहल गरिनेछ । खुला सिकाइ, लागु औसध दुर्व्यवसन रोकथाम , बालबलिका नजिक हुने ठाउँ तथा शैशिक संस्था र धार्मिक स्थलको निश्चित घेरामा मदिरा तथा धुम्रपान निषेधित क्षेत्र बनाउने आवश्यकता देखिएको छ । आविष्कार केन्द्र स्थापना गरिनेछ।

**घ) पुर्वाधार बिकास**

खानेपनी तथा सडक नपुगेको कुनै घर नरहने गरी शीघ्र अति शीघ्र काम गरिने छ। वालिङमा राजामार्ग बाहेक तीन तहको रिङ्ग रोड सडक बनाउन पर्ने आवश्यकता देखिएको छ। विभिन्न प्रायोजनका लागि क्षेत्र छुट्याएर नगरको केन्द्र क्षेत्रबाट उत्पादन क्षेत्र अथवा जोडीएका गाउँ सम्म द्रुत मार्गको लागि दीर्घकालीन योजना बनाउन पर्ने आवश्यकअत देखिएको छ।

नयाँ क्षेत्रहुमा आवास विकासका लागि ल्यान्ड पूलिङ को तरिका द्वारा व्यवस्थित शहरको बिकासको स्पस्ट मार्गचित्र बनाउन पर्ने देखिएको छ।
पर्यटनको बिकास कै लागि पुर्वाधर बिकास पहिलो प्राथमिकअता देखिएको छ।

**ङ) बातावरण तथा विपद व्यवस्थापन**

आँधीखोला संरक्षित क्षेत्रको अवधारणामा अँधीखोलालाई जिवित रुपको अधिकार सम्पन्न अंग मानेर नदीको अधिकार सुरक्षित गर्नु पर्ने छ।
बातावरण संरक्षणका लागि स्पष्ट मापदन्ड बनाएर लागु गराउन पर्न आवश्यकता देखिएको छ।
विपद व्यवस्थापनका लागि विशेष टोली गठन गरी आवश्यक सुधारका अध्ययन गरिने छ। बाढी, पहिरो तथा अन्य प्राकृतिक विपदका बेला छिटो भन्दा छिटो सुचना प्राप्त गरी उद्धार कार्य स्मन्वय गर्नका लागि ड्रोनको प्रयोग बारे अध्ययन गरिने छ।

## गुरुयोजना :

सुन्दर नगर वालिङ विश्व प्रसिद्ध पर्यटकीय शहर पोखरा र लुम्बिनी बीच अवस्थित नगर भएको हुनाले पर्यटनलाई विशेश आधार बनाउँदै नगर बिकासको गुरु योजना तयार पार्न पर्ने प्रकट भएको छ। स्थानिय तहमा रोजगर सिर्जना अबको दस वर्ष पछि चाहिने जनशाक्ति तथा सामाजिक स्तरलाई ध्यान राख्दै अहिले त्यस्का लागि चाहिने सामाजिक संरचना , शैक्षिक पुर्वाधार, सामाजिक पुर्वाधार, तयार गर्नका लागि एक महिना भित्र गुरु योजना तयार पारिने छ।

बिषयगत विज्ञहरुको एउटा गुरु योजना निर्माण समिती गठन गरेर उक्त गुरु योजनालाई फेरी एक पल्ट जनताको सुझावका लागि प्रकाशित गरी आवश्यक सुधारहरुलाई ग्रहण गरेर त्यसलाई कार्व्यान्वियन तर्फ बढाइने छ

**पत्रकार सम्मेलनमा उठेका प्रश्नहरु र नगर प्रमुखको प्रतिकृया**

१. कृषिलाई आधार मानेर सिंचाइको योजना ल्याउन पर्ने ल्याइेको छैन , पर्यटनका मात्र कुरा गरिएको छ। **प्रकाश डोटेल - ( नगर प्रमुखको प्रतिकृया** - कृषि सम्बन्धी योजनाहरु आर्थिक बिकास समिती अन्तर्गत बनाइन्छ । पर्यटनको बिकास भएकै छैन् त्यसलाई पनि अब महत्व दिन पर्ने भनेर भनिएको हो। कृषिलाई नै नजरअन्दाज गरेर पर्यटनमा ध्यान दिइने होइन। )
व्यवसायिक कृषि बढाउँदै उत्पादन बधाईने छ। बाँझो रहेका जग्गाहरुलाई नगरपलिका मार्फत भु उपयोग गरिनेछ।)

२. स्मार्टको शुरुवात कहाँबाट हुन्छ? सुचना जनता सम्म पुर्याउने माध्यम के हुन्छ ? मोहन गुरुङ ( प्रतिकृया - स्मार्ट सिटीको शुरुवात हामीहरु सबैबाट हुन्छ। हामी सबै जनता , जनप्रतिनिधि तथा कर्मचारीहरु सबैबाट हुन्छ। फोन एपको प्रयोग द्वारा, वेबसाइटबाट सुचना पठाइने छ।)

३. सिद्धार्थ राजमार्गको विस्तार बारे केही कुरा छैन ? ( राजमार्ग विस्तार हुन्छ। यसका लागि सडक विभाग सँग सहमति हुँदैछ। वालिङ नगरपालिका भित्रको राजमार्गलाई चार लेनको बनाएर सँगै फुटपाथको पनि व्यवस्था गरिनेछ।)

४. सुरक्षा सम्बन्धी योजनाहरु के छन्? ( सुरक्षा सम्बन्धी कानुनहरु बनाइनेछ। लागु औसध दुरुपायोग रोकेर नगरलाई सबैका लागि सुरक्षित बनाइनेछ।)